आज मिति २०८३ साल आषाढ ५ गते शुक्रबारका दिन जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुन ज्यूको अध्यक्षतामा दोस्रो नगर कार्यपालिकाको ६१ औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| क्र स | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री नर बहादुर पुन | |
| २ | नगर उपप्रमुख | श्री हरिहर शर्मा | |
| ३ | वडा अध्यक्ष वडा नं १ | श्री विष्णु प्रसाद आचार्य | |
| ४ | वडा अध्यक्ष वडा नं २ | श्री प्रेम सापकोटा | |
| ५ | वडा अध्यक्ष वडा नं ३ | श्री कृष्ण बहादुर भुजेल | |
| ६ | वडा अध्यक्ष वडा नं ४ | श्री चक्र बहादुर थापा | |
| ७ | वडा अध्यक्ष वडा नं ५ | श्री ठग बहादुर क्षेत्री थापा | |
| ८ | वडा अध्यक्ष वडा नं ६ | श्री कृष्ण बहादुर थापा | |
| ९ | वडा अध्यक्ष वडा नं ७ | श्री केन्द्र बहादुर सुनार | |
| १० | वडा अध्यक्ष वडा नं ८ | श्री बिमल श्रीस राना | |
| ११ | वडा अध्यक्ष वडा नं ९ | श्री सन्दिप थापा | |
| १२ | वडा अध्यक्ष वडा नं १० | श्री श्रीप्रसाद थापा | |
| १३ | कार्यपालिका सदस्य | श्री भगवती शर्मा सापकोटा | |
| १४ | कार्यपालिका सदस्य | श्री चिन्तामणि दर्जी | |

CamScanner

| | | | |
|---|---|---|---|
| १५ | कार्यपालिका सदस्य | श्री दुर्गा देवी पाध्या | |
| १६ | कार्यपालिका सदस्य | श्री लाल बहादुर परियार | |
| १७ | कार्यपालिका सदस्य | श्री भरत वि.क | |
| १८ | कार्यपालिका सदस्य | श्री शान्तकला शर्मा | |
| १९ | कार्यपालिका सदस्य | श्री गीता कुमारी वि.क | |
| २० | कार्यपालिका सदस्य | श्री शान्ती सुनार | |
| | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | श्रीकृष्ण पौडेल | |

CS CamScanner

# कार्यपालिका बैठक प्रस्ताव सूचि

**कार्यपालिका बैठक संख्या: ६१**

**मिति २०८३।३।५ गते**

समय: विहान ८.०० बजे

१. हाल सम्मको आय व्यय सार्वजनिक एवम समिक्षा सम्बन्धमा।

२. आर्थिक वर्ष २०८३/८४ को बार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा ।

३. अर्थ सम्बन्धी विधेयक, २०८३ सम्बन्धमा ।

४. विनियोजन विधेयक, २०८३ सम्बन्धमा ।

५. विषयगत समितिको प्रतिवेदन (आर्थिक विकास समिति, सामाजिक विकास समिति, सुशासन तथा संस्थागत विकास समिति, पूर्वाधार विकास समिति, वन वातावरण तथा विपद व्यवपस्थापन समिति न्यायिक समिति, सुशासन समिति, लेखा समिति, विधायन समिति) सम्बन्धमा ।

६. प्रमुख प्रशासकीय अधिकृतबाट नगरकार्यपालिका र कार्यालयको तर्फबाट भए गरेका नीतिगत काम कारबाही (अधिकार प्रत्यायोजन सम्बन्धी, निर्णय तथा आदेशहरुको अनुमोदन, बेरुजु असुल उपर गर्ने, सम्परीक्षण तथा फर्छ्यौट, करार सेवाका कर्मचारीहरु म्याद तथा सेवा सुविधा, योजनाहरुको फरफराक भुक्तानी अनुमोदन, निर्णयहरुको अनुमोदन, आदि) सम्बन्धी प्रस्ताव पेश गर्न लगाउने सम्बन्धमा ।

७. १९ औं नगर सभा तयारी सम्बन्धमा।

८. नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।

९. जिल्ला अनुगमन समिति/ जिससबाट प्राप्त अनुगमन प्रतिवेदन सम्बन्धमा ।

१०. हालसम्म सम्पन्न भएका योजनाहरुको फरफराक तथा हस्तान्तरण सम्बन्धमा।

११. प्रशासकीय भवन निर्माणको म्याद थप सम्बन्धमा ।

१२. जैमिनी नगरपालिकाको आ.ब. २०८३/८४ को दररेट सम्बन्धमा ।

१३. आ.व. २०८३/०८४ मा जैमिनी नगरपालिका क्षेत्रभित्र ढुंगा, गिटी, बालुवाको उत्पादन, बिक्री तथा निकासी दस्तुर संकलन कार्य ठेक्का बन्दोवस्त गर्ने ।

१४. नगरपालिका भित्र जग्गा प्लटिङ तथा खण्डीकरण सम्बन्धमा ।

१५. फोहरमैला ब्यवस्थापनको स्थान तोक्ने सम्बन्धमा ।

१६. जैमिनी न.पा.८, छिस्ति, धुसमा बालविकास कक्षासञ्चालन अनुमति सम्वन्धमा ।

१७. शिक्षक दरबन्दी मिलान सम्बन्धी शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।

१८. सुरक्षित आप्रवासन कार्यक्रम सम्बन्धमा ।

१९. विविध ।

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# कार्यपालिका बैठक- ६१

## मिति २०८३।३।५ गते

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## निर्णयहरु

निर्णय नं १

जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को बार्षिक स्वीकृत नीति कार्यक्रम बजेटको यस अवधिसम्मको आय र व्ययको स्थिति, कार्य सम्पादनको अवस्था, प्राप्त उपलब्धी सम्बन्धमा छलफल तथा समिक्षा गरियो ।

आ.व. ०८२/०८३ को आय अनुमान, निकासा तथा खर्चको प्रगति विवरण:-

आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८३/०३/०४

| क्र.सं. | स्रोत | आय अनुमान | सञ्चित कोष | खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आम्दानी | चालु | पूँजीगत | वित्तीय | जम्मा |
| १ | संघिय सरकार समानिकरण अनुदान | ११,१०,००,००० | १०,१५,०९,५०० | ७१,०३,४८३ | ५,१७,२३,०५९ | ५३ | ५,८८,२६,५४२ |
| २ | संघिय शसर्त अनुदान चालु | ४०,३०,६०,००० | ३६,०३,२६,४०० | २८,२०,९६,१२८ | ४,३०,००० | ७० | २८,२५,२६,१२८ |
| ३ | संघिय शसर्त अनुदान पुंजीगत | ३,३४,००,००० | २,७७,०८,००० | - | ३९,५२,०७१ | १२ | ३९,५२,०७१ |
| ४ | संघिय सरकार विषेश अनुदान चालु | १,३०,००,००० | ६३,५७,७२६ | - | ६३,५१,३८३ | ४९ | ६३,५१,३८३ |
| ५ | संघिय समपुरक अनुदान | ९७,००,००० | - | - | - | - | - |
| ६ | प्रदेश सरकार समानिकरण अनुदान | १,४४,३३,००० | १,४४,३३,००० | - | ५५,७९,८०७ | ३९ | ५५,७९,८०७ |
| ७ | प्रदेश शसर्त अनुदान चालु | २९,७१,९३५ | २९,७१,९३५ | - | २०,५५,३०३ | ६९ | २०,५५,३०३ |
| ८ | प्रदेश विषेश अनुदान पुंजीगत | ४०,००,००० | २०,००,००० | - | २०,००,००० | ५० | २०,००,००० |
| ९ | प्रदेश समपुरक अनुदान पुंजीगत | ६०,००,००० | ३०,००,००० | - | १३,६२,००० | २३ | १३,६२,००० |
| १० | प्रदेश सरकार राजस्व बाँडफाँड | १,०१,४०,००० | १,५१,९८,०८८ | ४,८३,२२६ | १०,१०,६३३ | १६ | १४,९३,८५९ |
| ११ | संघिय सरकार राजस्व बाँडफाँड | ८,८३,३७,५६० | ७,६७,१९,१९४ | ५,४१,८५,२८० | ३६,७५,९०० | ६६ | ५,७८,६१,१८० |
| १२ | सडक बोर्ड नेपाल | ६०,००,००० | - | - | - | - | - |
| १३ | आन्तरिक राजश्व | १,५१,५०,००० | ६,२७,०१,३८९ | २,८८,३१,८०६ | १,०५,४२,४९७ | ५६ | ३,९३,७४,३०३ |
| १४ | आन्तरिक श्रोत अल्या | ५,४९,१८,७७८ | | | | | |
| जम्मा | | ७७,२१,११,२७३ | ६७,२९,२५,२३२ | ३७,२७,९९,९२३ | ८,८६,८२,६५२ | ६० | ४६,१४,८२,५७५ |

निर्णय नं २

जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०८३/८४ को बार्षिक नीति तथा कार्यक्रम छलफल पश्चात सर्वसम्मत रुपमा स्वीकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३

जैमिनी नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ का लागि करका दरहरु सहितको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक विधेयक, २०८३ सर्वसम्मत रुपमा स्वीकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

### निर्णय नं ४

जैमिनी नगरपालिकाको लागि प्रस्तावित गरिएको बजेट मन्तब्य, आय ब्यय अनुमान, बजेट तथा कार्यक्रम सहितको विनियोजन विद्येयक, २०८३ सर्वसम्मत रुपमा स्वीकृत गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

### निर्णय नं ५

जैमिनि नगरपालिकाको न्यायिक समिति, विषयगत समिति-आर्थिक विकास समिति, सामाजिक विकास समिति, सुशासन तथा संस्थागत विकास समिति, पूर्वाधार विकास समिति, वन वातावरण तथा विपद ब्यवपस्थापन समिति संयोजकले पेश गरेको प्रतिवेदन माथि समिक्षात्मक छलफल गरियो ।

### निर्णय नं ६

जैमिनि नगरपालिकाको देहाय बमोजिम प्रशासनिक तथा नीतिगत प्रस्तावहरु सभामा पेश गर्न प्रमुख प्रशासकीय अधकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।

**प्रशासनिक तथा नीतिगत प्रस्तावहरू**

१. जैमिनी नगरपालिकाले विगतमा लिएका नीतिहरुमध्ये कार्यान्वयन भएका, कार्यान्वयन हुन बाँकी रहेका र अन्य निकाय सँगको सहकार्यमा गर्नुपर्ने देखिएका नीतिगत विषयलाई नगर कार्यपालिकाले संविधान तथा प्रचलित कानूनको अधिनमा रहि नीतिगत निर्णय गरि निरन्तरता दिन वा परिमार्जन गर्न सक्ने गरि अधिकार प्रत्यायोजन गरियोस् भन्ने प्रस्ताव गर्ने ।

२. नगरपालिकाको आफ्नै श्रोतबाट सम्पन्न हुन नसक्ने वा रकम अभावका कारणबाट सम्पन्न हुन नसकेका नगर क्षेत्रमा माग भएका आयोजनाहरुको सूचि बनाई नगर सभाको रेड बुकमा समावेश गरि आवश्यकता अनुसार अन्य निकाय सँग माग गर्न वा सिफारिस गर्न कार्यपालिकाको परामर्शमा नगर कार्यपालिका कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव गर्ने ।

३. नगर कार्यपालिका, नगर प्रमुख, उप प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबाट आवश्यकता र औचित्य पुष्टी हुने गरी समय समयमा गरेका निर्णय तथा आदेशहरु अनुमोदनका लागि प्रस्ताव गर्ने पेश गर्ने ।

४. (क): जैमिनी नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ को अन्तिम लेखा परीक्षण हुँदा प्राप्त भएको प्रतिवेदनको आधारमा देखिएका बेरुजुहरुको अध्ययन समिक्षा भइ महालेखा परीक्षकको कार्यालयबाट प्राप्त प्रतिवेदनमा औल्याइएका बेरुजु र लेखा समितिबाट प्राप्त सुझाव को आधारमा बेरुजुको लगत अद्यावधिक गरी बेरुजुमा थप प्रमाण जुटाउनु पर्ने भएमा जुटाउने,

नगर कार्यपालिकाको कार्यालय जैमिनी नगरपालिका कुश्मीसेरा, बागलुङ २०७३

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बेरुजु असुल उपर गर्ने, सम्परीक्षण तथा फर्छ्यौटका लागि आवश्यक उपायहरु अपनाउन कार्यालयलाई निर्देशन दिने एवम सोको लागि आवश्यक प्रस्ताव पेश गर्ने ।

| क्र स | बेरुजु विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | असुल गर्नुपर्ने बेरुजु | २२७२५२ | |
| २ | अनियमित भएको बेरुजु | ११११२७३९९ | |
| ३ | प्रमाण कागजात पेश नभएको बेरुजु | १२६०२७९४ | |
| ४ | पेश्की | ९३५००० | |
| | जम्मा | २४८९२४४५ | |

**(ख):** सैद्धान्तिक, असुल उपर तथा पेश्की बेरुजु बाहेक नियमिति गर्नुपर्ने बेरुजुको सम्बन्धमा आवश्यक प्रकिया पुराई नगरसभाबाट निर्णय गराई ttps://nams.oag.gov.np मा Online मार्फत प्रविष्ट गर्ने व्यवस्था मिलाई बेरुजु फर्छौटको प्रक्रिया अगाडी बढाउन कार्यालयलाइ निर्देशन दिने।

**(ग):** जैमिनी नगरपालिकाको अन्तिम लेखा परीक्षणबाट आ.व.२०७३/०७४ देखि आ.व.२०८१/२०८२ सम्म तपशिल अनुसारको बेरुजुको अवस्था देखिएकोमा नियमित गर्नुपर्ने बेरुजु रकमलाई आगामी दिनहरुमा यस प्रकारका नियमित गर्नुपर्ने वेरुजु नदोहोरिने प्रतिवद्धता सहित संलग्न विवरण बमोजिम समपरीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा अनुरोध गर्न प्रस्ताव पेश गर्ने ।

| गत वर्षसम्मको बाँकी | यो वर्ष फछर्यौट | बाँकी वेरुजु | यो वर्षको वेरुजु | कुल वेरुजु बाँकी |
|---|---|---|---|---|
| १७,०४,४०,९१९ | ५,७२,८७,७६७ | ११३१५३१५२ | २,४८,२१,४५५ | १३८०४४६०७ |

५. नगरपालिकामा विभिन्न पदमा कार्यरत करार सेवाका कर्मचारीहरुलाइ स्वीकृत दरवन्दी, कार्यक्रम साझेदारी, कार्यबोझ, आवश्यकता र औचित्यताको आधारमा आगामी पौष मसान्तसम्म म्याद थप गर्ने र संघीय सरकारको नीति कानून बमोजिम तोकिए बमोजिमको पारिश्रमिक अनुसार नगरपालिकाको श्रेणीविहिन कर्मचारीको पारिश्रमिकमा आनुपातिक रुपमा वृद्धि हुने गरी समायोजन गर्ने प्रस्ताव पेश गर्ने ।

६. जैमिनी नगरपालिकाको १८ औ नगर सभा पछिका **कार्यपालिका बैठकबाट स्वीकृत वा संसोधनभएका नियमावली, कार्यविधि र मापदण्ड** सहित कार्यालयले लिएका सम्पूर्ण निर्णयहरुको अनुमोदनका लागि प्रस्ताव पेश गर्ने ।

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं ७

जैमिनी नगरपालिकाको १९ औं नगर सभा मिति २०८३।३।८ गते आयोजना गरिएकोमा नगर सभालाइ सवैको सहभागितामा सभ्य र व्यवस्थित रुपमा सञ्चालन गर्न सरोकारवाला सुवैलाइ कार्यजिम्मेवारी सहित तोकिएको कार्यसम्पादनका लागि आवश्यक निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ८

जैमिनी नगरपालिकाको नगरस्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट चालु आव २०८२।८३ को यस अवधिसम्म भए गरेका कार्यहरु प्राप्त उपलब्धी समस्या र समाधानका उपायहरु सहितको पेश भएको प्रतिवेदन माथि आवश्यक छलफल समिक्षा गर्दै प्राप्त सुझावहरु आगामी दिनमा कार्यान्वयमा लैजान पहल गर्ने निर्णय गरियो ।

निर्णय नं ९

चालु आव २०८२।८३ मा नगरपालिकामा सञ्चालित पूर्वाधारका योजना. वालमैत्री स्थानीय शासन कार्यक्रम तथा नदीजन्य पदार्थ उत्खनन लगायतका विषय क्षेत्रमा जिल्ला स्तरीय अनुगमन समिति/ जि.स.स. वाट अनुगमन गरी प्राप्त प्रतिवेदन उपर आवश्यक छलफल सहित समिक्षा गर्दै प्राप्त हुन आएका सुझावहरु आगामी दिनमा कार्यान्वयमा लैजान पहल गर्ने निर्णय गरियो ।

निर्णय नं १०

जैमिनी नगरपालिकाको चालु आव २०८२।८३ को यस अवधिसम्म सम्पन्न भए गरेका योजनाहरुको फरफारक गर्ने, सोको भुक्तानि अनुमोदन गर्ने साथै अधुरा क्रमागत र नगर स्तरका ठूला योजनाहरु बाहेक उपभोक्ता समितिबाट सम्पंन्न भएका आयोजनाहरुलाइ सम्वन्धित उपभोक्ता समिति/ सरोकारवाला संस्थाहरुवाट सन्चालन उपयोग दिगो व्यवस्थापन हुने गरी हस्तान्तरण गर्दै लग्ने निर्णय गरियो ।

निर्णय नं ११

जैमिनी नगरपालिकाको प्रशासकीय भवन निर्माणको जिम्मा पाएको जुगल रविना प्राकृतिक कन्ट्रक्सन कम्पनीले पूर्व निर्धारित समय सीमा भित्र इन्धन अभाव, महंगी आदि विभिन्न कारणले निर्माण कार्यमा अवरुद्द हुदाँ समयमा निर्माण सम्पन्न गर्न नसकेको ब्यहोराको कारण देखाई ६ महिना म्याद थप तथा केही आइटमहरुमा परिणाम भेरिएसनका लागि मिति २०८२।२।२१ मा निवेदन पेश गरेकोमा आवश्यक कागजात तथा प्राविधिक प्रतिवेदन सहित छलफलका लागि अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुस्मीसेरा, बागलुङ
२०७३

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं १२

जैमिनी नगरपालीकाको आर्थिक बर्ष २०८३।८४ का लागि नगरपालिका भित्र कार्यक्रम निर्माण, विकास निर्माण तथा भौतिक पूर्वाधार निर्माण लगायतका कार्यहरुका लागि नगरपालिकाको दररेट निर्माण सम्बन्धमा बाग्लुङ जिल्लाको आर्थिक बर्ष २०८३।८४ का लागि निर्माण भएको दररेट नै परिपालना गर्ने निर्णय गरियो ।

## निर्णय नं १३

यस नगरपालिका भित्र कालीगण्डकी नदी किनार क्षेत्रमा आ.व. २०८३/०८४ को ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न, निकासी दस्तुर कर संकलन आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ घ (६) मा भएको व्यवस्था, जैमिनी नगरपालिका क्षेत्रको खोलानाला तथा निजी जग्गाबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, माटो तथा खनिजजन्य प्राकृतिक स्रोत साधन (उत्खन्न र उपयोग) विक्री वितरण सम्बन्धी कार्यविधी, २०८२, साथै संघ तथा प्रदेशको प्रचलित कानून अनुसार यस नगरपालिका क्षेत्रभित्र तपशिल बमोजिम स्थान, परिमाण र न्यूनतम दररेटको ठेक्का विवरण बमोजिम ढुंगा, गिटी, बालुवाको उत्पादन, विक्री तथा निकासी दस्तुर संकलन कार्यको बढाबढ हुनेगरी ठेक्का बन्दोबस्त गर्ने प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

<u>तपसिल:</u>

| सि.नं. | ठेक्का विवरण (उत्खलन क्षेत्र/बगर) | परिमाण (क्यु. फिट) IEE प्रतिवेदन अनुसारको | आ.व. २०८३/०८४ मा प्रस्तावित परिमाण (क्यु. फिट) ३०% | न्यूनतम दररेट (रु.) | जम्मा (रु.) | १३% मु.अ. कर (रु.) | कुल जम्मा (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | थाइनेबगर घाट | ३५३६६५.९६ | १२३७८३.०९ | ७.०० | ८६६४८१.६० | ११२६४२.६१ | ९७९१२४.२१ |
| २ | माझबगर घाट | ११६६६०.६५ | ४०८३१.२३ | ७.०० | २८५८१८.५८ | ३७१५६.४२ | ३२२९७५.०० |
| ३ | सुम्सावगर घाट | २७७२२८.८९ | ९७०३०.११ | ७.०० | ६७९२१०.७८ | ८८२९७.४० | ७६७५०८.१८ |
| ४ | बेलबगर घाट | ९४५९३.५८ | ३३१०७.७५ | ७.०० | २३१७५४.२६ | ३०१२८.०५ | २६१८८२.३२ |
| ५ | त्याडबगर घाट | १५०८५४.२८ | ५२७९९.०० | ७.०० | ३६९५९३.०० | ४८०४७.०९ | ४१७६४०.०९ |
| | जम्मा | ९९३००३.३६ | ३४७५५१.१८ | | २४३२८५८.२३ | ३१६२७१.५७ | २७४९१२९.८० |

*(नोटः IEE प्रतिवेदन अनुसारको जम्मा परिमाण (क्यु. फिट) को ३५ प्रतिशतले हुन आउने परिमाण र प्रदेश सरकारले तोके बमोजिमको दररेट रु. ७/- प्रति क्यु. फिटमा कायम गरी तयार गरिएको छ। प्रचलित कानून बमोजिम लाग्ने मुल्य अभिबृद्धि कर लगायत अन्य करको रकम थप हुनेछ ।)*

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं १४

जैमिनी नगरपालिकामा नगरपालिका भित्र शहरी बस्ती विकास आवास निर्माणका लागि जग्गा प्लटिङ तथा खण्डीकरण सम्बन्धी जग्गा पहिचान भइ नसकेको साथै सोको लागि हालसम्म अनुमति माग भइ नआएकोले पछी एकीकृत बस्ती विकास सम्बन्धी योजना तथा खण्डीकरका लागि अनुमति माग भइ आएमा नगरपालिकाबाट भएको जग्गा बर्गीकरण बमोजिम कृषियोग्य जमिनको संरक्षण गर्दै आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

## निर्णय नं १५

जैमिनी नगरपालिकामा फोहरमैला ब्यवस्थापनका लागि लागि जिमिरे बौर सोतमा जग्गा पहिचान भएकाले उक्त स्थानमा नै आगामी आर्थिक बर्ष २०८३/८४ देखि थप पूर्वाधार निर्माण एवम ब्यवस्थित गर्दै संकलित फोहरको उचित ब्यवस्थापन गर्ने निर्णय गरियो ।

## निर्णय नं १६

जैमिनी नगरपालिकाको नगरस्तरीय शिक्षा समितिको निर्णय सिफारिशको आधारमा वडा नं ८, छिस्ति, धुसमा यसै वर्ष २०८३ को शैक्षिक सत्रबाट वालविकास कक्षासञ्चालन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं १७

जैमिनी नगरपालिकाको शिक्षक दरबन्दी मिलान सम्बन्धी नगरस्तरीय शिक्षा समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

## निर्णय नं १७

संघ, प्रदेश र नगरपालिकाको साझेदारीमा संचालन भइरहेको सुरक्षित आप्रवासन कार्यक्रम (सामी) को समिक्षा गरियो। कार्यक्रमको संस्थागत एवम निरन्तरताको लागि मिल्दा कृयाकलापहरु सामाजिक विकास शाखा तथा स्वास्थ्य शाखा अन्तर्गत रहने गरी आवश्यक समन्वय एवम थप प्रभावकारिताका सेवालाई निरन्तरता दिने निर्णय गरियो।

## निर्णय नं १८

जैमिनी नगरपालीकाको मध्यकालीन खर्च संरचना २०८३/८४-२०८५/८६ स्वीकृत गर्ने निर्णय गरियो ।

नगर कार्यपालिकाको कार्यालय जैमिनी नगरपालिका कुश्मीसेरा, बागलुङ २०७३

२०८३।३।५

श्रीकृष्ण पौडेल
प्रमुख प्रशासकीय अधिकृत